सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इाईनिया, मोरङ

प.सं. २०८३/८४
च.नं.

कोशी प्रदेश, नेपाल

## दरभाउपत्र आह्वानको सुचना

(तेस्रो पटक प्रकाशित मिति २०८३/०४/०१)

यस सुनवर्षी नगरपालिका अन्तर्गत देहाय बमोजिम आ. व. ०८३/०८४ अषाढ मासान्तसम्मका लागि हाटगुदरी कर र कान्जी हाउस कर संकलनको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ सुनवर्षी नगरपालिकाको आर्थिक ऐन अनुसार ठेका बन्दोबस्त गर्नु पर्ने भएकोले देहायको शर्तहरुको अधिनमा रहने गरी ईच्छुक नेपाली नागरिक वा फर्म, कम्पनीहरुले ७ दिन भित्र रित पूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न हुन तेस्रो पटक यो सुचना प्रकाशित गरिएको छ ।

| सि नं | विवरण | न्यूनतम अंक मु.अ.कर बाहेक | दरखास्त दस्तुर (प्रति वडा प्रति फारम) | प्रकार |
|---|---|---|---|---|
| १ | कान्जि हाउसको कर सङ्कलन ठेक्का, (१-९), वडा नं ८ बाहेक | १५,०००/- (प्रति वडा) | १०००/- | दरभाउपत्र |
| २ | डाईनिया हाटगुदरी सुनवर्षी ९ | ३,१०,०००/- (साल बसाली) | १०००/- | दरभाउपत्र |

**शर्तहरू:**

- सिलबन्दी दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले ७ औ दिन (मिति २०८३/०४/०७ गते) सम्म १७:०० बजे भित्र यस न. पा.को खाता नं **(Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138)** मा रु. १०००/- (फर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर र व्यक्तीको हकमा व्यक्तीगत पान (अनिवार्य) र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
- शिलबिन्दी दरभाउपत्र ८ औ दिन (मिति २०८३/०४/०८ गते) दिनको १२:०० बजे सम्म रित पूर्वक भरि दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० बजे प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न बाधा पर्नेछैन।
- सिलबन्दी दरभाउपत्रमा भाग लिनेले न्युनत्तम अंकको ५ प्रतिशत रकम हिमालयन बैंकमा रहेको यस न. पा.को खाता नं **(SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)** मा जम्मा गरेको सक्कलै बैक भौचर वा ७५ दिनको म्याद भएको बैंक ग्यारेण्टि सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।
- सिलबन्दी दरभाउपत्र सदर गरेको मितिले ७ दिन भित्र सम्झौता गर्नु पर्नेछ र प्रथम किस्ता (५०%) वापतको रकम यस न. पा.को खाता नं **(Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138)** मा ठेक्का सम्झौताका बखत र बाँकी रकम २०८३ साल पौष मसान्त भित्र बुझाउनु पर्नेछ। बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०८४ साल श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेणटी पेश गर्नु पर्नेछ।
- अग्रिम रकमको रुपमा सम्पुर्ण रकम बुझाएमा १० प्रतिशत सम्म छुट हुनेछ। यस्तो छुट दिँदा दाखिला गर्ने रकम न्युनत्तम रकम भन्दा घटी हुनेगरि दिईनेछैन।
- न्यूनत्तम अंक माथी उल्लेख भए बमोजिम हुनेछ। उक्त अंकमा मु.अ.कर समावेस गरिएको छैन। कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरि उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
- हाटबजार वहाल बिटौरी करको दररेट नगरपालिकाले दरभाउपत्र साथ उपलब्ध गराउनेछ।
- हाटगुदरीको हकमा सम्झौताका बखत कबोल अंकको १.५% ले हुन आउने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मु.अ.कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ।

ऋषिराज कोईराला
प्रमुख प्रशासकीय अधिकृत

"सुशासन र सम्वृद्धि, सुनवर्षीको आधारः कृषि, शिक्षा, स्वास्थ्य र दिगो पुर्वाधार"

फोनः०२१-४३३०२९(नगरप्रमुख) ०२१-४३३०२६(नगर उपप्रमुख) वेबसाइटः www.sunawarshimun.gov.np इमेलः sunbarshimun@gmail.com

CamScanner

सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इटहरी... मोरङ
प.सं. २०८३/८४
च.नं.
कोशी प्रदेश, नेपाल

- ठेक्काको अवधी २०८३/८४ को २०८४ साल असाढ मसान्त सम्म रहनेछ तर सम्झौताका शर्त उल्लंघन भएमा ठेक्का स्वीकृत भई सकेको भएता पनि ठेक्का बदर गर्न सकिनेछ र ठेक्का बदर गर्नु परेमा धरौटी रकम जफत गरि सो अवधी सम्मको बुझाउनु पर्ने दायित्व सरकारी बाँकी सरह असुलउपर गरिनेछ।
- ठेक्का सम्झौता भए पछी बन्द हडताल वा अन्य कुनै कारणले कर छुट वा मिनाहाका लागी ठेकेदार पक्षबाट दावी गर्न पाईने छैन। तर काबु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।
- न.पा.ले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ। साथै .ठेक्का सम्बन्धी कुनै विवाद भएमा न.पा.को निर्णयनै अन्तिम हुनेछ।
- करका दररेटहरू न.पा.ले तोके बमोजिम असुल उपर गर्नु पर्नेछ। अन्यथा बढी रकम असुल उपर गरेको खण्डमा नियमानुसार कार्वाही हुनेछ।
- हाट गुदरीको सञ्चालन र व्यवस्थापन गर्दा स्थानीय बजार समितिको राय परामर्श लिनु पर्नेछ।
- हाट गुदरीको सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व तथा कर स्वयं ठेकेदारले बेहोर्नु पर्नेछ।
- यस न.पा. अन्तर्गत विगतमा बुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की, बेरुजु रहेको व्यक्ती वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागी हुन पाउने छैन। तर दरभाउपत्र खरिद गर्नु अघि उल्लेखीत रकम दाखीला गरेमा ठेक्कामा सहभागी हुन बाधा पर्ने छैन।
- दरभाउपत्र खरिद गर्न लिखित निवेदन, व्यक्तीको अकमा व्यक्तिगत पान नं, नागरिकता प्रमाणपत्र, फर्म वा कम्पनीको ईजाजत पत्र र आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको मु.अ. करको समेत प्रमाणित प्रतिलिपी र आ.व. २०८१।८२ को कर चुक्ताको प्रमाणपत्र वा आन्तरिक राजस्व कार्यालयबाट आय विवरण बुझाउने म्याद थप भएको प्रमाण पेश गर्नु पर्नेछ।
- म्याद नाघी र रित नपुगी आएको निवेदन उपर कुनै कारवाही हुने छैन।
- उल्लेखित शर्तहरू बाहेक अन्य कुराहरू प्रचलित ऐन नियम अनुसार हुनेछ। थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क राख्न सकिन्छ।

युवराज कोईराला
अधिकृतस्तर आठौं

प्रमुख प्रशासकिय अधिकृत



CamScanner